भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : (प्रशासन)/०८३।८४
च.नं. : २२३

मितिः २०८३।०६।०६

विषय : **आचारसंहिता परिपालना ।**

श्री राष्ट्रसेवक कर्मचारीहरु,
भुमे गाउँपालिका, रुकुम (पूर्वी भाग) ।

यस गाउँपालिकाको प्रशासनिक कार्यसम्पादनलाई उत्कृष्ट बनाउँदै, आम नागरिकमा सुशासनको सुखद अनुभूति गराउनु हामी सबैको साझा र मर्यादित दायित्व हो। हामीले प्रवाह गर्ने सेवाको गुणस्तर, हाम्रो व्यावसायिक आचरण र समयपालनले गाउँपालिकाको गरिमा उच्च राख्दछ। अतः आगामी दिनमा कार्यालयको दैनिक कार्यसञ्चालन, अनुशासन र आचरणलाई थप चुस्त, पारदर्शी र जनमुखी बनाउन प्रचलित कानुन बमोजिम तत्काल लागु हुने गरी निम्न बमोजिमका निर्देशनहरु जारी गरिएको छ।

१. कार्यालय समयावधीमा तोकिएको पोशाक र परिचयपत्र अनिवार्य रुपमा लगाएर मात्र कार्यालय आउनु हुन।
२. नेपाल सरकारले निर्धारण गरेको खाजा समय आधा घण्टा भित्र खाजा खाएर आफ्नो कार्यकक्ष फर्किन, खाजा खान जाँदा शाखामा आलोपालो गरी जान र शाखा खाली गरेर नजानु हुन।
३. प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति वेगर काज / विदामा नबस्न, प्रमुख प्रशासकीय अधिकृत अनुपस्थित भएको बखत कार्यालयको बरिष्ठतम कर्मचारीसंग बिदा स्वीकृत गरी मात्र बिदामा बस्नु हुन।
४. कार्यालय समयको पुर्ण रुपमा पालना गरि बिहान ९ बजे भित्र हाजिर हुने र बेलुका ५ बजे पछि मात्र इ हाजिरी प्रणालीमा हाजिरी जनाइ बाहिरिनु हुन ।
५. कार्यालय समयमा कुनै सरकारी वा अत्यावश्यक व्यक्तिगत कामले बाहिर निस्कनु परेमा कार्यालयको लगबुक (Logbook) मा निस्किएको समय, कारण र फर्कने समय अनिवार्य रुपमा उल्लेख गरी शाखा प्रमुखको सहमतिमा मात्र निस्कनुहुन।
६. प्राविधिक शाखाका कर्मचारीहरु योजनाहरुको नापजाँच वा प्राविधिक कार्यका लागि फिल्ड जाँदा अनिवार्य रुपमा लगबुक भेरेर मात्र जानुहुन र फिल्डमा जानु अगावै अनिवार्य रुपमा कार्यालय प्रमुखलाई जानकारी गराउनुहुन। (फिल्डमा जाँदा कर्मचारी पोशाक अनिवार्य नरहेको ) ।
७. कार्यालयमा आउने आदरणीय सेवाग्राही, जनप्रतिनिधि तथा सहकर्मी साथीहरुसँग संवाद गर्दा अत्यन्त शिष्ट, मर्यादित र नम्र भाषाको प्रयोग गर्नुहुन। कसैलाई पनि विना कारण फाइल अल्झाउने वा कुराउने कार्य नगर्नुहुन ।
८. यस गाउँपालिका तथा अन्तर्गतका निकायका नाममा रहेका सरकारी मोटरसाइकलहरु केवल स्वीकृत कार्यालय कामकाजका लागि मात्र प्रयोग गर्नु हुन। सरकारी सवारी साधनहरुलाई कुनै पनि प्रकारको व्यक्तिगत काम, घरायसी प्रयोजन वा गैर-सरकारी कार्यमा प्रयोग गर्न पूर्ण रुपमा निषेध गरिएको छ । साथै सार्वजनिक विदामा समेत सरकारी सवारी साधानहरु प्रयोग नगर्नुहुन ।
९. निर्देशनमा छुट भएको हकमा नियमानुसार गर्नुहुन ।

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

यस निर्देशनको अक्षरशः पालना भए/नभएको सम्बन्धमा यस कार्यालयबाट कुनै पनि समयमा आकस्मिक निरीक्षण गरिनेछ।

२०८२/६/०५

(खमजङ खत्री)

प्रमुख प्रशासकीय अधिकृत

खमजङ खत्री
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ

श्रीमान् अध्यक्षज्यू: जानकारीको लागी।

श्रीमान् उपाध्यक्षज्यू : जानकारीको लागी।

बोधार्थ/कार्यार्थ :

श्रीमान् वडाअध्यक्षज्यूहरु: (आवश्यक अनुगमन र समन्वयको लागी) ।

श्री सम्पुर्ण शाखाहरु/वडा कार्यालयहरु: (पालना र कार्यान्वयनको लागि) ।